राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३२१ | २०८३ साउन १८ गते सोमवार | (Monday, 3 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५



## मधेशको कैलास

# टुटेश्वरधाममा 'जटाबाबा'को अलख

छिमेकी मुलुक भारतको बिहार राज्यको सीतामढी जिल्लामा पर्ने बगही मठका साधु 'जटाबाबा' यसपाली पछिल्ला दिनहरुदेखि टुटेश्वरधाममा अलख जगाउँदै छन् । 'हर हर हर महादेव !'

▪ गोपालप्रसाद बराल

*टुटेश्वर(महोत्तरी)*

समाचार पृष्ठ ३

# मधेशमा सद्भाव जोड्दै गृहमन्त्री




टुटेश्वरनाथ महादेव मन्दिरमा आशीर्वाद ग्रहण गर्दै



रत्न छोलिङ गुम्बामा गौतम बुद्धलाई ढोग्दै



लक्ष्मीनारायण मठमा मायाको चिनो ग्रहण गर्दै



मटिहानीको पिरबाबा मस्जिदमा चादरपोसी गर्दै

**आरएन महतो**

*गौशाला, साउन १७ गते ।*

गृहमन्त्री सुधन गुरुङल आईतबार महोत्तरीको मटिहानी नगरपालिकास्थित ऐतिहासिक लक्ष्मीनारायण मठ र हिन्दु-मुस्लिम एकताको प्रतीक मानिने पिरबाबा मजारमा पुगेर दर्शन तथा पूजा-अर्चना गरे ।

देशका विभिन्न स्थानमा सामाजिक तथा साम्प्रदायिक सद्भावलाई लिएर बहस भइरहेका बेला उनको यो भ्रमणलाई धार्मिक विविधताबीच आपसी सम्मान, सहअस्तित्व र सामाजिक सद्भावको सन्देश प्रवाह गर्ने प्रतीकात्मक कदमका रूपमा हेरिएको पिछडवर्ग ओबिसी महासभाका केन्द्रीय अध्यक्ष रामकुमार महतो बताउँछन् ।

गृहमन्त्री गुरुङले पहिले लक्ष्मीनारायण मठमा पूजा-अर्चना गरेपछि प्रसिद्ध पिरबाबा मजारमा पुगेर श्रद्धापूर्वक दर्शन गरेका थिए । एउटै भ्रमणमा हिन्दु र मुस्लिम समुदायका आस्थाका केन्द्रमा पुगेको उनको उपस्थितिले मटिहानीले दशकौँदेखि जोगाउँदै आएको धार्मिक सहिष्णुता र सामाजिक एकताको परम्परालाई राष्ट्रिय रूपमा पुनः उजागर गरेको मटिहानीका स्थानीय विजय ठाकुरले बताए । उनका अनुसार इस्लामिक परम्पराका सुफी सन्त पिरबाबाको समाधिस्थलका रूपमा परिचित यो मजार महोत्तरी मात्र होइन, समग्र मधेशकै धार्मिक सहिष्णुता र सांस्कृतिक सहअस्तित्वको अनुपम उदाहरणका रुपमा चिनिन्छ । मुस्लिम समुदायको प्रमुख आस्थास्थल भए पनि यसको संरक्षण, व्यवस्थापन र संवर्द्धनमा हिन्दु र मुस्लिम समुदायले समान रूपमा हातेमालो गर्दै आएको उनले बताए ।

मटिहानीको सामाजिक तथा सांस्कृतिक जीवनमा पिरबाबा मजारको विशेष महत्व रहेको छ । स्थानीय परम्पराअनुसार कुनै पनि शुभकार्य, धार्मिक अनुष्ठान वा नयाँ कामको सुरुआतअघि मजारमा सलामी दिने चलन आज पनि जीवित छ । विवाह, व्रतबन्धलगायतका संस्कारमा मैथिली महिलाले गाउने परम्परागत गीतको पहिलो स्तुति नै पिरबाबाको नामबाट सुरु हुने गरेको स्थानीयवासी बताउँछन् । यसले मटिहानीमा धर्मभन्दा माथि उठेको साझा सांस्कृतिक विश्वास र सामाजिक एकताको गहिरो सम्बन्धलाई प्रतिबिम्बित गर्छ ।

पिरबाबा मजारले दशकौँदेखि हिन्दु र मुस्लिम समुदायबीच आत्मीयता, विश्वास र सद्भावको सेतुको भूमिका निर्वाह गर्दै आएको मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डल बताउँछन् । 'यहाँ पिरबाबा मुस्लिम समुदायका मात्र होइनन्, सम्पूर्ण मटिहानीवासीका साझा आस्थाका केन्द्र हुन् । यही साझा विश्वासले यहाँ धार्मिक सद्भावलाई अझ बलियो बनाएको छ,' नगरप्रमुख मण्डल सम्झिन्छन् ।

गृहमन्त्री गुरुङको यो भ्रमणले धार्मिक विविधताबीचको एकता, आपसी सम्मान र भाइचाराको सन्देशलाई थप बल दिएको स्थानीय धार्मिक अगुवहरु बताउँछन् । विशेषगरी पछिल्लो समय सामाजिक तथा साम्प्रदायिक सद्भावबारे विभिन्न बहस चलिरहेका बेला मटिहानीको पिरबाबा मजारबाट प्रवाहित भएको सहअस्तित्वको सन्देशलाई गृहमन्त्रीको उपस्थितिले राष्ट्रिय स्तरमै थप अर्थपूर्ण बनाएको उनीहरुको भनाइ छ ।


मटिहानी पुगेका गृहमन्त्री गुरुङ नेपाल-भारत सीमावर्ती क्षेत्रको सुरक्षा अवस्था, आवागमन व्यवस्थापन तथा समग्र सीमा व्यवस्थापनसम्बन्धी विषयमा स्थलगत अवलोकन समेत गरेका छन् ।

यसअघि गृहमन्त्री गुरुङले आईतबारै महोत्तरी बर्दिबास नगरपालिका-५ स्थित टुटेश्वरनाथ महादेव मन्दिर, त्यससँगै रहेको रत्न छोलिङ गुम्बा र जनकपुरधामस्थित जानकी मन्दिरलगायत विभिन्न धार्मिक शक्तिपीठहरुमा दर्शन एवं पूजा अर्चना गरेका थिए । तराई मधेशको अवस्था शान्त भएपछि उनी आईतबार साँझ काठमाडौं फर्किएका छन् ।

# बढ्यो पेट्रोलियम पदार्थको मूल्य

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन १७ गते ।*



पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको छ । नेपाल आयल निगमले आईतबार राति १२ बजेबाट लागू हुनेगरी पेट्रोल, डिजेल र हवाई इन्धनको मूल्य वृद्धि गरेको हो ।

निगमका अनुसार पेट्रोलमा प्रतिलिटर ३ रूपैयाँ , डिजेल र मट्टितेलमा २ रूपैयाँ र हवाई इन्धनमा प्रतिलिटर २० रूपैयाँका दरले मूल्यवृद्धि भएको हो ।

योसँगै पेट्रोल र डिजेलको मूल्य काठमाडौं, पोखरा र दिपायलमा २ सय रुपैयाँ, सुर्खेत र दाङमा १ सय ९९ रुपैयाँ कायम हुने भएको छ । त्यस्तै, चारआली, विराटनगर, जकपुर, अमलेखगञ्ज, भलवारी, धनगढी र वीरगञ्जमा १ सय ९७ रुपैयाँ ५० पैसा पुगेको छ । एलपी ग्यासको मूल्य भने यथावत् राखिएको निगमले जनाएको छ ।

# हटाइयो निषेधाज्ञा

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, साउन १७ गते ।*

जिल्ला प्रशासन कार्यालय धनुषाले जनकपुरधाम उपमहानगरपालिकालगायत क्षेत्रमा जारी गरिएको निषेधाज्ञा हटाएको छ ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलद्वारा जारी सूचनाअनुसार साउन १८ गते सोमबार बिहान ५:०० बजेदेखि निषेधाज्ञा पूर्ण रूपमा हटाइएको हो । स्थानीय प्रशासनले साउन १६ गते शनिबार बिहान १०:०० बजेदेखि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३क) बमोजिम निषेधाज्ञा जारी गरेको थियो ।

प्रशासनले आन्दोलनरत पक्षले आफ्ना सबै आन्दोलनका कार्यक्रम फिर्ता लिएको, जिल्लाको सुरक्षा अवस्था सामान्य बन्दै गएको तथा जनजीवन क्रमशः सामान्यीकरणतर्फउन्मुख भएको जनाएको छ । पछिल्लो सुरक्षा अवस्थाको समीक्षा तथा जिल्ला सुरक्षा समितिको बैठकको निर्णयका आधारमा उक्त निषेधाज्ञा हटाउने निर्णय गरिएको सूचनामा उल्लेख छ ।

जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा हटाइएपछि नागरिकलाई शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्दै दैनिक गतिविधि सञ्चालन गर्न आग्रह गरेको छ । प्रशासनको निर्णयसँगै जनकपुरधाम क्षेत्रमा यातायात, व्यापार तथा अन्य सार्वजनिक गतिविधि सहज रूपमा सञ्चालन हुने विश्वास छ ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# सहमतिको सुरुआत, कार्यान्वयनको परीक्षा

जनकपुरधाममा नेपाल सरकार र संयुक्त हिन्दु मोर्चाबीच १३ बुँदे सहमति हुनु पछिल्ला केही सातादेखि देखिएको तनावलाई संवादमार्फत समाधान गर्ने सकारात्मक प्रयास हो । कुनै पनि लोकतान्त्रिक समाजमा असहमति, आन्दोलन र माग स्वाभाविक हुन्छन् । तर ती विषयको निकास सडकको टकरावबाट होइन, वार्ता र सहमतिबाट खोजिनु नै लोकतन्त्रको परिपक्व अभ्यास हो । समाचारअनुसार हिन्दु राष्ट्र, धार्मिक स्वतन्त्रता, चाडपर्व व्यवस्थापन, धार्मिक स्थलको संरक्षण, ध्वनि प्रदूषणको व्यवस्थापन, आन्दोलनका क्रममा पक्राउ परेकामाथिका मुद्दाको पुनरवलोकन तथा घाइतेको उपचारलगायत विषयमा सहमति भएको छ । यी विषयले धार्मिक आस्था, कानुनी शासन र सार्वजनिक हितबीच सन्तुलन कायम गर्ने प्रयास गरेको देखिन्छ । त्यसैले सहमतिको स्वागत गर्दै यसको कार्यान्वयनमा सरकार र आन्दोलनकारी दुवै पक्ष उत्तिकै जिम्मेवार हुनुपर्छ ।

यद्यपि सहमति हुनु मात्र पर्याप्त होइन । विगतमा पनि विभिन्न पक्षसँग भएका सहमतिहरू कार्यान्वयन नहुँदा अविश्वास बढेको हामीसंग अनुभव छ । त्यसैले यसपटक सहमतिका प्रत्येक बुँदालाई स्पष्ट कार्ययोजना, समयसीमा र कानुनी प्रक्रियाअनुसार अगाडि बढाइनुपर्छ । विशेषगरी आन्दोलनका क्रममा दर्ता भएका मुद्दाको पुनरवलोकन गर्दा कानुनी राज्यको सिद्धान्तलाई कमजोर बनाउने होइन, निष्पक्ष न्याय सुनिश्चित गर्ने दृष्टिकोण अपनाइनुपर्छ । अर्कोतर्फ, हिन्दु राष्ट्रको विषय नेपालको संविधानसँग प्रत्यक्ष जोडिएको संवेदनशील राजनीतिक मुद्दा हो । यस्तो विषयको समाधान कुनै एक समूह वा सरकारको निर्णयबाट मात्र सम्भव हुँदैन । संविधानले निर्दिष्ट गरेका लोकतान्त्रिक र संवैधानिक प्रक्रियाबाट मात्र त्यसबारे निष्कर्षमा पुग्न सकिन्छ। त्यसैले कुनै पनि पक्षले सहमतिलाई आफ्नो पूर्ण विजय वा अर्को पक्षको पराजयका रूपमा व्याख्या गर्नु उचित हुँदैन ।

संयुक्त हिन्दु मोर्चाले आन्दोलन स्थगित गर्ने निर्णय गर्नु सकारात्मक संकेत हो । अब सरकार पनि सहमतिप्रति इमानदार देखिनुपर्छ । समाजमा धार्मिक सद्भाव, आपसी सम्मान र कानुनी शासनलाई सुदृढ बनाउँदै संवादको संस्कृतिलाई संस्थागत गर्न सकियो भने यो १३ बुँदे सहमति तत्कालीन विवाद समाधानमा मात्र सीमित नरही भविष्यका द्वन्द्व व्यवस्थापनको उदाहरणसमेत बन्न सक्छ । लोकतन्त्रको वास्तविक शक्ति भनेको सहमति, सहिष्णुता र विधिको शासन नै हो ।

## राशिफल

मेष - अवसरवादीहरू पछि हट्नेछन् ।
वृष - स्वास्थ्य प्रतिकूल रहनेछ ।
मिथुन - समस्याले अल्झाउनेछ ।
कर्कट - उपकार गर्न सकिनेछ।
सिंह - जिम्मेवारी प्राप्त हुनेछ ।
कन्या - योजना सार्वजनिक नगर्नुहोला ।
तुला - जिम्मेवारी प्राप्त हुने देखिन्छ ।
वृश्चिक - कामका बाधा हट्नेछन् ।
धनु - मनग्य फाइदा हुनेछ ।
मकर - काममा प्रवृत्त भइनेछ ।
कुम्भ - आनन्द प्राप्त हुनेछ ।
मिन - स्रोत फेला पर्नेछन् ।

# 'हिन्दू राष्ट्र' बारे के छलफल भएको हो ?



**शैलेन्द्र महतो**

*जनकपुरधाम, साउन १७ गते ।*

सुनसरी घटनापछि मधेशमा चर्किएको आन्दोलनलाई मत्थर पार्न जनकपुर पुगेका गृहमन्त्री सुधन गुरूङ शनिबार र आइतबार संयुक्त हिन्दू मोर्चासँग वार्ता गरे । उक्त वार्तापछि आन्दोलनरत समूहले आजबाट आन्दोलनका सम्पूर्ण कार्यक्रम रोक्ने घोषणा गरेको छ । यता सरकारले पनि उनीहरूले राखेका माग पुरा गर्ने आश्वासन दिएको छ ।

दुई दिन भएका यी वार्ताका क्रममा हिन्दू मोर्चाले राखेका नेपाललाई हिन्दू राष्ट्र कामय गर्नुपर्ने भन्ने मागको सम्बन्धमा भने अहिले समाजिक सञ्चाल लगायतका बहस चलिरहेको छ । कतिपयले सरकार हिन्दू राष्ट्र कामय गर्ने विषयमा सरकारले सहमति गऱ्यो भन्दै आलोचना गरिरहेका छन् । कतिपयले भने यसको यथार्थ के हो भन्दै प्रश्न गरिरहेका छन् । छलफलमा संलग्न अधिकारीहरूका अनुसार सरकारले लिखित रुपमा त्यस्तो कुनै पनि बुँदा सहमति गरेको छैन । हिन्दू मोर्चाले राखेका मागहरूमा सरकार सकारात्मक छ भन्ने मौखिक आश्वासन मात्र दिएको छ ।

शनिबार मोर्चाले गृहमन्त्री समक्ष १३ बुँदे माग राखेको थियो । त्यो मागमा यो कुरा पनि उल्लेख थियो । उक्त माग पत्र चाहिँ गृहमन्त्रीले बुझेका थिए । तर त्यही माग पत्र बुझ्ने सहमतिको विषयलाई नै सरकारले सबै बुँदामा लिखित नै सहमति गऱ्यो कि भन्ने ढंगले बाहिर आएको थियो । शनिबार राति वार्तासम्पन्न भएकाका कुराबीच आइतबार दिउँसो पुनः गृहमन्त्री सुधन गुरुङले संयुक्त हिन्दु मोर्चासँग वार्ता गरेका छन् । सुनसरी घटना पश्चात मधेशमा उत्पन्न धार्मिक विवाद तथा तनाव समाधान गर्न उनी शनिबार दिउँसो नै जनकपुरधाम आएका थिए । शनिबार मात्रै दुई चरणको वार्ता गरेर १६ बुँदे मागपत्र बुझेर कार्यान्वयन गर्ने मौखिक सहमति गरेका उनलाई फेरि वार्तामा बस्नु पर्ने बाध्यता आइपऱ्यो ।

आइतबार जानकी मन्दिरमा पूजाअर्चना गरेर वार्तामा बसेका उनले संयुक्त हिन्दु मोर्चाका प्रतिनिधिलाई पुनः थुमथुम्याउने काम गरेर सन्तुष्ट बनाए । यद्यपि पुनः मौखिक सहमतिमै वार्ता टुंगिएको छ । संयुक्त हिन्दु मोर्चाले आफ्ना आन्दोलनका सम्पूर्ण कार्यक्रम फिर्ता लिएका छन् । आइतबारको वार्तामा शनिबारको केही बुँदामा थपघट गरी १८ बुँदे पुऱ्याइएको बताइएको छ । यद्यपी शनिबार राति भएको वार्ताको १३ बुँदालाई स्पष्ट पार्ने काम मात्र वार्ताबाट भएको र मोर्चा पक्ष पनि सन्तुष्ट भएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले बताए । 'हिजोको विषयमा केही अस्पष्ट रहेको, लेटरप्याडमा हस्ताक्षरको कुरामा अस्पष्ट रहेको कुराहरू उहाँहरुले राख्नु भयो । गृहममन्त्रीजीले आफ्ना कुरा राखेर वार्ता टुंगियो', उनले भने 'यो वार्ता १३ बुँदामा क्लियारिटी हो । मिडियामा जुन कुराहरु आएको छ, त्यस बारेमा गृहमन्त्रीज्यूले स्पष्ट पार्नु भयो । उहाँहरू सन्तुष्ट हुनु भएको छ । आन्दोलनको कार्यक्रम फिर्ता लिनु भएको छ' उनले भने । हिन्दू सम्राट सेनाको केन्द्रीय उपाध्यक्ष कृष्ण सनातनीले केही कुराहरू सच्याएको बताए । वार्ता सकिएपछि सञ्चारकर्मीको जिज्ञासामा उनले 'केही कुराहरु सच्याइएको छ । मागहरू सम्बोधन गर्ने गृहमन्त्रीजीले आश्वासन दिनु भएको छ । अब गृहमन्त्रीले कहीं कतैपनि गोली नहान्ने भनेर प्रतिबद्धता गर्नु भएको छ ।'

**दुई दिनको कसरत, मौखिक सहमतिमै विवाद साम्य**

सुनसरी घटनापश्चात मधेशमा उत्पन्न धार्मिक विवाद तथा तनाव समाधान गर्न नेपाल सरकारका गृहमन्त्री सुधन गुरुङ शनिबार दिउँसो मधेशको राजधानी जनकपुरधाम आइपुगे ।

आन्दोलनरत पक्ष हिन्दूवादी संघसंगठनहरूको संयुक्त हिन्दु मोर्चाका प्रतिनिधिहरूसँग दुई चरणमा वार्ता गरे । दिउँसो बसेको वार्तामा गृहमन्त्री गुरुङ, रास्वपा धनुषा क्षेत्र-३ का प्रतिनिधिसभा सदस्य मनिष झा, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साह लगायत सुरक्षा निकायका प्रतिनिधिहरू सहभागी थिए । करिब ४ घण्टा चलेको उक्त वार्तामा मोर्चाको तर्फबाट आफ्ना १६ बुँदे माग प्रस्तुत गरिएको थियो ।

यसपछि खाना खान भन्दै निस्केका गृहमन्त्री गुरुङले मधेश सरकारसँग पनि छलफल गरे । दोस्रो चरणको वार्ता करिब साढे ७ बजेतिर भयो । उक्त वार्तामा गृहमन्त्री गुरुङसँगै मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, अर्थमन्त्री युवराज भट्टराई तथा गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो सहभागी थिए । वार्तामा दिउँसो जस्तै रातिको वार्तामा पनि रास्वपाका केही स्थानीय नेता-कार्यकर्ता पनि उपस्थित थिए ।

करिब २ घण्टाको वार्तापछि नेपाल सरकार र पक्षबीच सहमति भएको भन्दै वार्तामा सहभागी रास्वपाका केही नेता-कार्यकर्ताले सामाजिक सञ्जालमार्फत जानकारी सार्वजनिक गरे ।

त्यसपछि मोर्चाका प्रतिनिधिहरूले मागपत्रमा हस्ताक्षर गरी गृहमन्त्रीलाई बुझाएको तस्बिर र भिडियो व्यापक रूपमा सार्वजनिक भयो । दुवै पक्षबीच १३ बुँदे सहमति भएको दाबी गरियो । तर सार्वजनिक भएको कागजातमा भने मोर्चाको तर्फबाट गृहमन्त्रीलाई बुझाइएको मागपत्र मात्र थियो, जसमा मोर्चाका प्रतिनिधिहरूले मात्र हस्ताक्षर गरेका छन् । 'नेपाल सरकारका माननीय गृहमन्त्री सुधन गुरुङज्यूसमक्ष आज श्रावण १६ गते जिल्ला प्रशासन कार्यालय धनुषामा संयुक्त हिन्दु मोर्चाको तर्फबाट नेपाल सरकारसमक्ष प्रस्तुत गरिएका मागहरू' उल्लेख गरिएको उक्त पत्रमा १३ वटा माग समावेश छन् । तर उक्त पत्रमा सरकारका तर्फबाट कतै पनि हस्ताक्षर गरिएको छैन । दुवै पक्षबीच सहमति भएर हस्ताक्षर गरिएको कुनै छुट्टै कागजात बनेको छैन । संयुक्त हिन्दु मोर्चाले मागपत्र पेस गरेको र त्यसलाई सरकारले कार्यान्वयन गर्ने मौखिक प्रतिबद्धता जनाएको मात्र देखिएको छ ।

मागपत्रको १३ नम्बर बुँदामा संयुक्त हिन्दु मोर्चाले आन्दोलनका सबै कार्यक्रम आजकै मितिदेखि तत्काल स्थगित गर्ने उल्लेख गरिएको छ । सामाजिक सञ्जालमा 'सहमति पत्र खोइ ?' भनेर प्रश्न उठ्न थाले । खबर सार्वजनिक भएपछि मोर्चाका नेता तथा कार्यकर्ताहरू झस्किए । उनीहरूले सरकारसँग आफूहरूमाथि धोकाधडी भएको आरोप लगाउन थाले । जिल्ला प्रशासन कार्यालय अगाडि पनि उनीहरूले प्रदर्शन गरे । कतिपयले सामाजिक सञ्जालमा प्रत्यक्ष प्रसारण (लाइभ) गर्दै सहमतिको नाममा धोका भएको दाबी गर्दै आन्दोलन जारी रहने चेतावनी दिए ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेल दुई पक्षबीच वार्ता भएर नै समझदारीमा पुगिएको दाबी गर्छन् । 'सातवटा हिन्दूवादी संस्था थिए । वार्तामा दुईदुईजना मान्छे छानेर उहाँहरू आउनु भएको थियो । कतिपयले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाले नाटकीय रूपमा वार्ता गराएर मोर्चालाई धोकाधडी गरेको टिप्पणी पनि सामाजिक सञ्जालमा गरिरहेका छन् । किनभने मागपत्र बुझाउने व्यक्ति रास्वपा कार्यकर्ता रहेको भन्दै विगत र वर्तमानका तस्बिरहरू जोडेर सामाजिक सञ्जालमा भाइरल भइरहेका छन् ।

मोर्चाको असन्तुष्टिको प्रदर्शनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले जनकपुरधाममा निषेधाज्ञा जारी नै राखेको थियो । यधपी आइतबारको वार्तामा मोर्चाको चित्त बुझेपछि आन्दोलन फिर्ता लिएको छ । तर मोर्चाको पहिलो बुँदाकै माग नेपाललाई हिन्दु राष्ट्र कायम गर्ने रहेको छ । अन्य बुँदाहरुमा लिखित सहमति गर्न खासै कठिनाइ नभएपनि हिन्दु राष्ट्र कायम गर्ने बुँदासमेतको विषयलाई लिखित सहमति गरे सरकार अर्को जोखिममा पर्ने विश्लेषण गरियो । सरकार कार्यान्वयनको बाटोमा प्रवेश गरे अर्को द्वन्द्व उत्पन्न हुन सक्ने जोखिम रहेको विश्लेषण पनि भइरहेको छ । अन्य राजनीतिक दलहरू त्यसप्रति असन्तुष्ट हुने र सरकारविरुद्ध सडक आन्दोलनमा उत्रिने जोखिमसमेत औंल्याइएको छ ।

पहिलो चराणको वार्ता सकेर मधेश सरकारसँग छलफल गर्न गएको बेला पनि मागको बारे कुरा उठेको थियो । स्रोतका अनुसार त्यहाँ हिन्दु राष्ट्र सम्बन्धि लिखित विषयवस्तुमा प्रवेश गरे परिस्थिति अर्कै हुन सक्ने भन्ने सचेत गराइएको थियो ।

यसपछि मागपत्र लिनेर मोर्चालाई शान्त बनाउने रणनीति सरकार पक्षको थियो । त्यसपछि आइतबार फेरि वार्ता भएको हो । उक्त वार्तामा सहभागी रास्वपाका सांसद शिव यादवले शान्ति सुरक्षा कामय गर्ने सवालमा सरकारले प्रतिबद्ता जनाएको बताए । हिन्दू मोर्चाले राखेका हिन्दू राष्ट्र कायम गर्नुपर्ने लगायतका मागका विषयमा भने उनले यो उनीहरूका माग मात्र रहेको जानकारी दिए । 'त्यो उहाँहरूको मागपत्र हो । जे हुन्छ त्यो त कानुन बमोजिम नै हुने हो मागपत्र त राख्न पाइयो नी' उनले भने,' शान्ति(सुव्यवस्था कायम गर्ने, भिड भड्किन नदिने र सबैजना मिलेर बस्ने कुरा भएको छ । आन्दोलनमा जुन घुसपैठ हुन लागेको छ र राजनीतिक रोटी सेक्ने काम भइरहेको छ, त्यसलाई रोक्ने र सबैले शान्तिका लागि अपिल गर्ने भन्नेमा हाम्रो आज कुरा भएको छ ।'

मधेशको कैलास टुटेश्वर :

# 'हर हर महादेव'ले गुञ्जियो टुटेश्वरधाम





**वैराग्यको प्रतीक जटा संसारिक माया, सौन्दर्य र श्रृङ्गारप्रतिको आसक्ति त्यागेको प्रतीक मानिन्छ । वस्त्र आभूषणले शरीर सजाउनुभन्दा आत्मसाधनालाई प्राथमिकता दिएको सन्देश जटाले दिन्छ ।**

**– महेश्वर राय,** *संस्कृतिविद्*
*जलेश्वर–७, बखरी(महोत्तरी)*


***

**गोपालप्रसाद बराल । *टुटेश्वर***

काठमाण्डौ स्थित पशुपतिनाथ मन्दिर होस् कि काशीस्थित विश्वनाथबाबाको द्वार होस्, प्रसिद्ध शिवालयहरुमा विभिन्न भेषधारी साधुसन्तको जमघटले विशेष आकर्षण थपेको हुन्छ । खासमा साउन महिना र महाशिवरात्री पर्वका अवसरमा थरिथरि भेषका साधु 'हरहर महादेव'को अलख जगाइ रहेका भेटिन्छन्। अहिले शिव आराधनाको साउनमा 'मधेशको कैलास' भनिने बर्दिबास-५ टुटेश्वरनाथ महादेव मन्दिरमा टाढाटाढाबाट आएका साधुको जमघट बढेको छ। यिनै साधुको जमघटमा देखिन्छन्, जटाबाबा। छिमेकको भारतको बिहार राज्यको सीतामढी जिल्लामा पर्ने बगही मठका साधु 'जटाबाबा' यसपालि पछिल्ला दिनहरुदेखि टुटेश्वरधाममा अलख जगाउँदै छन् । 'हर हर हर महादेव !' जटाबाबाको अलखले सघन वनभित्रको चुरिया पहाडको थुम्कोस्थित मन्दिर परिसर गुञ्जन्छ । जटाबाबाको यो अलखको स्वर पाहाडी पाखामा ठोक्किएर प्रतिध्वनित हुँदा निकै बेरसम्म गुञ्जिएको भान हुन्छ । पछिल्ला १५ वर्षयता बर्सेनि साउनमा टुटेश्वरधाम आउने गरेका जटाबाबा यहाँको अवाइले कैलासधामको अनुभूति दिने गरेको बताउँछन् । 'यह अलौकिक स्थान है, यहाँ आते ही हम साधुलोग श्री शिव का सान्निध्यता महसुस करते हैं' जटाबाबा भन्छन्, 'मानलो यह छोटा कैलास है ।' मन्दिर पुग्न चढ्नु पर्ने सिढींले खास ठाउँ पुग्दैछु भन्ने वोध गराइरहेको आफूलाई भान हुने उहाँको भनाइ छ ।

पूर्वपश्चिम राजमार्गबाट शान्त वनक्षेत्र छिचोली रहँदा वनपक्षीको सुरिलो कलरवले मुग्ध गराउने गरेको उनको अनुभव छ ।मन्दिर अवस्थित पाहाडी थुम्का, वरीपरिका सुरिला सघन सालवृक्ष र घना लताकुञ्जले यो ठाउँलाई मनमोहक बनाएको जटाबाबा बताउँछन् । 'यह तपोभूमि तो है ही, ज्ञानभूमि भी है' उनी भन्छन्, 'अब सावनभर यहाँ रुकने का विचार है ।'







अघिल्ला वर्षहरुभन्दा यसपालि मन्दिर साजसज्जा र मेलाक्षेत्र व्यवस्थित भएको उहाँको अनुभव छ । अति प्राचीन यो शिवक्षेत्रको सम्भार, संरक्षण र प्रबर्द्धनका क्षेत्रमा थप काम हुँदै गएर आउने वर्षहरुमा यो भारत वर्षकै साधुसन्तको प्रमुख गन्तव्य बन्ने आफूले विश्वास पालेको जटाबाबा नौ फिट लामो आफ्नो जटा फिजाउँदै बताउँछन् ।

**साधुसन्तले किन जटा पाल्छन् ?**

हिन्दू सनातन परम्परामा चार आश्रमको चर्चा भेटिन्छ। ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थासम र सन्यासाश्रम । मानव जीवनका यी चार आश्रमलाई १०० वर्षको औसत आयु मानेर विभाजित गरिएको छ । यद्यपि कतिपय साँसारिक मायामा नपरि जीवनभर साधु जीवन बिताउने सङ्कल्प गरेर प्रारम्भिक जीवनमै यो बाटो रोज्छन् । यस्ता योगीहरु परिवार, घरलाई 'मायाको जञ्जाल' मान्छन्। यो बाटोमा लागेकाहरु कपाल बढाएर जटा बनाउँछन् । वस्त्र घटाउँदै लगेर सामान्य वल्कल धारण गर्छन् । साधुहरु यो भेष किन बनाउँछन्। पूर्वीय वैदिक परम्पराका अध्येताहरुले यसको कारण खोतलेका छन्। साधुसन्तले जटा पाल्नुको अर्थ कपाल लामो बनाउनुमात्र नभइ यसभित्र धार्मिक, आध्यात्मिक र सांस्कृतिक पक्ष जोडिएका पूर्वप्रशासक एबं महोत्तरीका वरिष्ठ पत्रकार ८५ वर्षीय कृष्णचन्द्र झा बताउँछन्। वरिष्ठ पत्रकार झासहित साधु परम्पराबारे अभिरुचीसाथ अध्ययन गर्नेहरुले जटा पाल्नुका केही यस्ता भाव व्यक्त गरेका छन् । वैराग्यको प्रतीकजटा संसारिक माया, सौन्दर्य र श्रृङ्गारप्रतिको आसक्ति त्यागेको प्रतीक मानिन्छ। वस्त्र आभूषणले शरीर सजाउनुभन्दा आत्मसाधनालाई प्राथमिकता दिएको सन्देश जटाले दिने जलेश्वर-७ बखरीका बासिन्दा संस्कृतिविद् महेश्वर राय बताउँछन् । भगवान् शिवको अनुकरणहिन्दू परम्परामा भगवान् शिवलाई जटाधारीका रूपमा चित्रण गरिन्छ । धेरै शैव साधुहरूले शिवप्रतिको भक्ति र उहाँकै मार्गको अनुसरणको प्रतीकस्वरूप जटा राख्ने गरेका नेपाल सरकारको सहसचिव सेवाबाट अवकास लिएका पूर्वप्रशासक रायको कथन छ । तपस्या र संयमजटा पाल्न लामो समय लाग्छ। यसलाई धैर्य, तप, संयम र कठोर साधनाको चिनारीका रुपमा लिइन्छ । प्राकृतिक जीवनको स्वीकार कपाललाई कृत्रिम रूपमा काट्ने वा सजाउनेभन्दा प्राकृतिक रूपमा बढ्न दिनु प्रकृतिसँगको सामिप्यता र सामञ्जस्यताको सङकेत मान्न सकिन्छ। संन्यासको पहिचान धेरै सम्प्रदायमा जटा संन्यासी वा तपस्वीको बाह्य चिनारी बनेको छ। तर सबै साधुसन्त जटाधारी हुँदैनन् । उदाहरणका लागि, धेरै वैष्णव, बौद्ध तथा जैन साधुहरूले भने मुण्डन गर्ने परम्परा अँगालेका देखिन्छ । तर शिवालय आसपास धुनी जगाउने साधुहरु भने अधिकांश जटाधारी नै देखिन्छन् ।जटा साधुका लागि शास्त्रले अनिवार्य गरेको छ ? वैदिक ग्रन्थ र पूर्वीय शास्त्रहरुमा वैराग्यताका लागि जटा अनिवार्य भनिएको छैन । जटा अनिवार्य मानिने शास्त्रीय नियम पनि छैन । यो विशेषत: केही सम्प्रदायको परम्परा र साधनापद्धतिसँग सम्बन्धित अभ्यास बुझिन्छ। त्यसैले जटा हुनु वा नहुनुभन्दा साधुको आचरण, ज्ञान, तपस्या र आत्मानुभूति नै बढी महत्त्वपूर्ण हुने विद्वानहरुको मत पाइन्छ।

निचोड : जटा बाह्य देखिने पक्ष हो । यसको वास्तविक उद्देश्य भित्री वैराग्य, संयम र ईश्वरप्रतिको समर्पणलाई अभिव्यक्त गर्नु रहेको अधिकांशको मत पाइन्छ।

# हुलाकी राजमार्ग निर्माण अन्तिम चरणमा

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन १७ गते ।*

**धनुषामा तीन, सर्लाहीमा सात, महोत्तरीमा तीन र सिराहामा तीन गरी १९ वटा पुल निर्माणको अन्तिम चरणमा पुगेका छन् ।**

***

मधेश प्रदेशको विकासको मेरुदण्ड मानिएको हुलाकी राजमार्गअन्तर्गत सिरहादेखि सर्लाहीसम्मको निर्माण अन्तिम चरणमा पुगेको छ। यस खण्डमा २४ वटा पुल निर्माण भइसकेका छन् भने ९० प्रतिशतभन्दा बढी सडक कालोपत्र भएको छ।

यहाँस्थित हुलाकी राजमार्ग निर्देशनालयका अनुसार सिरहादेखि सर्लाहीसम्मको ४०६ दशमलव ४३ किलोमिटरमध्ये ३४७ दशमलव ६३ किलोमिटरमा कालोपत्र भएको छ । धनुषामा तीन, सर्लाहीमा सात, महोत्तरीमा तीन र सिरहामा तीन गरी १९ वटा पुल निर्माणको अन्तिम चरणमा पुगेका छन् । कालोपत्र गर्न बाँकी ५८ दशमलव ८ किलोमिटर सडकमध्ये १२ दशमलव ८ किलोमिटर सडकको ठेक्का प्रक्रिया प्रारम्भ भएको छ। चालु आर्थिक वर्षमा परियोजना पूरा गर्ने लक्ष्यका साथ काम भइरहेको कार्यालय प्रमुख कृष्णकुमार महतोले बताए । सिरहामा २९ दशमलव ९८, महोत्तरीमा ९१ दशमलव ५६,सर्लाहीमा १५१ दशमलव ५१ किलोमिटर निर्माण भएको छ । निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम हुलाकी राजमार्ग एक हजार ७९२ किलोमिटर लामो हुनेछ।



**मधेशको कैलास टुटेश्वरमा भक्तजनको घुइँचो** : महोत्तरीको बर्दिबास नगरपालिका-५ स्थित ऐतिहासिक टुटेश्वरनाथ महादेव मन्दिर परिसरमा आईतबार मध्यरातमा देखिएको भक्तजनको घुइँचो । साउनको सोमबारसँगै बोलबम काँवरियाले भरिभराउ बनेको नेपालकै 'बाबाधाम' भनेर चिनिने टुटेश्वरमा शिवभक्तको आस्था र उत्साह चरममा पुगेको छ ।

*तस्बिर : राजकरण महतो*

# तराई-मधेशमा खटिएका छन् थप २ हजार सुरक्षाकर्मी

द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन १७ गते ।*

सुनसरी घटनाका कारण तराई-मधेशमा तनाव बढेपछि थप २ हजार बढी सुरक्षाकर्मी मधेश खटाइएको पाइएको छ । नेपाल प्रहरी प्रधान कार्यालय र सशस्त्र प्रहरी प्रधान कार्यालयको टोलीले थप दुई हजार सुरक्षाकर्मी मधेश खटाएका हुन् । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्लेले करिब १ हजार बढी प्रहरीलाई मधेश केन्द्रित गरिएको बताए ।

'गण, तालिम केन्द्र, पहाडी जिल्लादेखि हेडक्वार्टरबाट समेत करिब १ हजार बढी प्रहरीलाई तराई मधेश झारिएको छ । म आफैं पनि सप्तरी आएको छु,' काफ्लेले भने । प्रहरीबाट चार एआईजीहरू सिद्धीविक्रम शाह-बाँके, एआईजी हिमालय कुमार श्रेष्ठ- मधेश प्रदेश, एआईजी उमा प्रसाद चतुर्वेदी- कपिलवस्तु, एआईजी ईशवर कार्की-कोशी प्रदेश र सुनसरी तराई मधेश झरेका थिए ।



त्यस्तै डीआईजी दिनेश कुमार आचार्य - सिरहा, डीआईजी अबिनारायण काफ्ले-सप्तरीमा खटिएका छन् । एसएसपी गोपाल चन्द्र भट्टराई-सर्लाही, एसएसपी सोमेन्द्र सिंह राठौर-पर्सा, एसएसपी दीप शम्शेर जबरा-रौतहट, एसएसपी नवराज अधिकारी-चितवन, एसएसपी कृष्ण प्रसाद पंगेनी-महोत्तरी, एसएसपी होबिन्द्र बोगटी-बारा, एसएसपी ज्ञानेन्द्र प्रसाद फुयाँल-मोरङ, एसएसपी भुवनेश्वर तिवारी-धनुषा, एसएसपी अमरेन्द्र बहादुर सिंह-मधेशमा खटिएका छन् ।

सशस्त्र प्रहरीबाट पनि करिब थप १ हजार सुरक्षाकर्मीलाई तराई मधेश झारिएको सशस्त्र प्रहरीका प्रवक्ता तथा डीआईजी नेत्रबहादुर कार्कीले बताए । एआईजी गणेश ठाडा मगरसहितको टोली तराई झरेर खटिएको छ ।

तनावपूर्ण अवस्था शान्त पार्न र सम्भावित घटनाहरू रोक्नका लागि उनीहरू फिल्डमा खटिएका हुन् । प्रहरीका विभिन्न विभाग र क्षेत्रमा काम गरिरहेकाहरूलाई पनि तत्कालको संकट समाधान गर्न तराई मधेश केन्द्रित गरिएको छ ।

तराईका मोरङ, सुनसरी, सिरहा, धनुषा लगायत जिल्लाहरूमा थप तनाव उत्पन्न हुनसक्ने भन्दै सतर्कता अपनाइएको छ । यही घटनाका लागि थप प्रहरी जनशक्ति तराई केन्द्रित बनाइएको हो ।

स्रोत साधनको परिचालन, प्रभावकारी मूल्यांकन, नीति निर्देशक, सुरक्षा कार्ययोजना, सूचना संकलन तथा विश्लेषण र आवश्यकता अनुसार फिल्डमा खटिएर काम गर्ने उच्च अधिकृतहरूलाई परिचालन गरिएको हो ।

त्यसो त गृहमन्त्री सुधन गुरुङ आफैं अहिले तराईमै छन् । तराई बिस्तारै शान्त बन्दै गएको छ । नेपाल प्रहरीका प्रवक्ता काफ्लेका अनुसार बिस्तारै माहोल शान्तिपूर्ण बन्दै गएको छ ।

कोशी प्रदेशका डीआईजी शेखर खनालले पनि शनिबारको तुलनामा आइतबार झनै शान्तपूर्ण अवस्था रहेको बताए ।

# निर्मल पुर्जासहितका दिवंगतप्रति बर्दिबासमा श्रद्धाञ्जली सभा

द पब्लिक टुडे समाचारदाता

*बर्दिवास, साउन १७ गते ।*

महोत्तरीको बर्दिबासमा विश्वप्रसिद्ध कीर्तिमानी पर्वतारोही निर्मल पुर्जा मगर (निम्स दाइ) सहित पाकिस्तानको काराकोरम हिमशृंखलास्थित ब्रॉड पीक हिमालमा गएको हिमपहिरोमा परी ज्यान गुमाएका ६ नेपालीको स्मृतिमा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ ।




श्रद्धाञ्जली सभामा सहभागीहरूले सन् २०२६ जुलाई ३० मा भएको उक्त दु:खद् घटनाप्रति गहिरो दु:ख व्यक्त गर्दै दिवंगत साहसी पर्वतारोहीहरूको योगदानको उच्च सम्मान गरेका थिए । उनीहरूले नेपालको नाम विश्वसामु गौरवान्वित बनाउने अभियानमा निरन्तर समर्पित रहेका निम्स दाइसहित सम्पूर्ण दिवंगतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरेका थिए ।

कार्यक्रममा पूर्व कर्मचारी समाज बर्दिबासका अध्यक्ष रामकुमार कार्की, उल्टो साइकल तथा मोटरसाइकल यात्री जीवनाथ पोखरेल, मधेसको कैलास टुटेश्वरका प्रवर्द्धक, तपस्वी तथा डण्डीबम बासुदेव महतो, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतो लगायत स्थानीय समाजसेवी, बुद्धिजीवी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो । सहभागीहरूले साहस, समर्पण र राष्ट्रप्रतिको योगदानका कारण निम्स दाइ नेपाली युवाका लागि प्रेरणाको स्रोत रहेको उल्लेख गर्दै उहाँसहित दिवंगत सबैको योगदानलाई राष्ट्रले सदैव स्मरण गरिरहने विश्वास व्यक्त गरेका थिए ।

# मधेश आन्दोलनको उपलब्धि कार्यान्वयन नभएको गुनासो

द पब्लिक टुडे समाचारदाता

*जनकपुरधाम, साउन १७ गते ।*

मधेश आन्दोलनले देशको राजनीतिक संरचनामा परिवर्तन ल्याएपनि आमजनताले त्यसको अनुभूति गर्न नसकेको मधेसका युवाहरूले गुनासो गरेका छन् ।



शहीद सञ्जय चौधरी स्मृति प्रतिष्ठानको आयोजनामा आइतबार 'मधेस : अबको बाटो' विषयक अन्तरक्रिया कार्यक्रममा उनले मधेस तथा थरुहटमा भएको आन्दोलनका मूल उद्देश्यहरू अझै पूर्ण रूपमा कार्यान्वयन नभएको बताएका हुन् ।

सङ्घीयता, समावेशिता, समानुपातिक प्रतिनिधित्व र मधेसी समुदायका अधिकार सुनिश्चित गर्ने विषयमा प्रगति भए पनि कार्यान्वयन पक्ष कमजोर देखिएका कारण पछिल्ला द्वन्द्वहरू देखिएको उनीहरूको भनाइ छ ।

पछिल्लो समय मधेसमा देखिएको राजनीतिक विभाजन, नेतृत्व सङ्कट, सामाजिक ध्रुवीकरण तथा युवापुस्तामा बढ्दो निराशाका विषयमा समेत छलफल भएको प्रतिष्ठानकी अध्यक्ष ममता चौधरीले बताइन् ।

मधेसको समग्र विकासका लागि शिक्षा, रोजगारी, सुशासन, आर्थिक सशक्तीकरण, सामाजिक एकता र युवाको सक्रिय सहभागिता आवश्यक रहेकोमा वक्ताहरूले विशेष जोड दिएको उनले बताइन् । शहीदहरूको त्याग र बलिदानको स्मरण गर्दै अध्यक्ष चौधरीले न्याय, समानता र अधिकार सुनिश्चित गर्न सबै पक्ष एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिँदै भावी पुस्ताले पनि शहीदहरूको योगदानलाई सम्मान गर्दै न्यायपूर्ण समाज निर्माणमा सक्रिय भूमिका खेल्नुपर्ने बताइन् ।

सहभागी युवाहरूले मधेसको भविष्य सुधारका लागि साझा दृष्टिकोण, स्पष्ट नीति र प्रभावकारी नेतृत्व अपरिहार्य रहेकोमा जोड दिएका थिए ।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी

(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

☎ ९८४४३१२२४६

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय** : प्रत्येक दिन बिह(
(न ९ बजेदेखि साँझ ५
बजेसम्म

**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री